# रेबिज रोग नियत्रण का लागि जनचेतना कार्यक्रम

रेबिज एक प्राण घातक विषाणु (Virus) बाट लाग्ने रोग हो। रेबिज लागेको बौलाहा कुकुर/बिरालो, जंगली जनावर इत्यादि को टोकाइ वा र्‍यालको लसपस घाँउमा, आँखा/मुखमा परेको अवस्था लाग्ने गर्दछ।

रोग लागेको पशुहरुले देखाउने लक्षण:-

(क) कुकुर: आनी,वानी र व्यवहारमा परिवर्तन (भनेको नमान्ने, लरबराउने, पारालाईसिस जस्तो लक्षण, बिना कारण भुक्ने जथाभावी टोक्ने)

- घाँटी मा केहि अड्केको जस्तो गर्ने जसले गर्दा वान्ता गर्न खोज्ने।
- खाना-पानी बन्द गर्ने।
- अन्य पशु (गाई,भैसी,भेडा,बाख्रा)
- खाना खान छोड्ने।
- भाले खोज्ने लक्षण देखाउने।
- भुईमा खुट्टाले खोस्रिने।
- अनावश्यक कराउने।
- वानी- व्योहोरा मा परिवर्तन देखिने, हान्न खोज्ने, उठ,बस गर्ने वा स्थिर नरहने।

## रोकथाम को उपाय (preventive measures)

- रेबिज रोगको (लक्षण देखिए पछि) कुनै उपचार हुँदैन त्यसलै रोग लाग्न नदिनु नै सर्वोत्तम उपाय हुन्छ। यसका लागी तपसिलका कुराहरुमा बिचार गर्नु पर्दछ।

क) कुकुर- बिरालो लाई नियमित खोप लगाउने (पहिलो पटक ३ महिनाको उमेरमा र त्यसपछि वार्षिक रुपमा नियमित खोप लगाउने)

(ख) रोगी अवस्थामा, बच्चा सित भएको बेला, खाना खाईरहेको बेला, लडिरहेका/झगडा गरेको अवस्था भाले-पोथी बिच संसर्ग गरेको अवस्थामा कुकुरलाई चलाउनु हुँदैन।

(ग) जंगली जनावर र नचिनेको जनावर लाई घरपालुवा जनावरको लसपसमा आउन नदिने। त्यस्ता जंगली जनावर नचिनेको जनावर लाई छुने, चलाउने गर्नु हुँदैन।

(घ) पशुहरुलाई चराउन लान्दा जहिलेपनी निगरानी गर्ने, उखुवारी - खोला तिर र झाडी बुट्यानमा स्यौंल-ब्वासो लगायतको जंगली जनावर हुन सक्ने र टोक्ने जोखिम हुने भएकोले सो कुराको ख्याल गरि पूर्व सावधानीको साथ पशुहरु चराउन लान्ने।

(ङ) बधशाला बाट निस्कने फोहोर र माछा/मासु फालिएको ठाँउहरुमा जंगली जनावर/स्यौंल/ब्वासो आउन सक्ने भएकोले त्यस्ता ठाँउहरुमा कुकुर समेत खान जाने भएकोले त्यहाँ कुकुरहरुमा रेबिज सर्ने जोखिम रहने कुराको ख्याल गर्ने र सो बाट बचाउने उपाय गर्ने।

(च) वृद्द/बच्चा लाई कुकुर सित एक्लै नछाड्ने।

"रेबिज लागेको जनावरको टोकाईबाट बच्नु नै एक मात्र उपाय हो रेबिज बाट बच्नु"

# Rabies is a Major public health problem





Fatal Once symptoms appear



One death every 15 min worldwide

99% human cases result from dog bites



4 out of 10 deaths are in children



Zero by 30

"रेबिज लागेको जनावरको टोकाईबाट बच्नु नै एक मात्र उपाय हो रेबिज बाट बच्नु"